# नरैनापुर राजपत्र

खण्ड : ७ संख्या : १ नरैनापुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके प्रकाशित मिति : २०८०/०६/०८


भाग — ०२

## नरैनापुर गाउँपालिकाको मानवीय सहायतार्थ
## नगद सहायता (सञ्चालन) कार्यविधि २०८०

**स्वीकृत मिति २०८०/०६/०४**

**<u>प्रस्तावनाः</u>** यस नरैनापुर गाउँपालिका क्षेत्र भित्र मौसम पूर्वानुमान बमोजिम विपद्को उच्च जोखिममा रहेका वा विपद् प्रभावित जनतालाई तत्कालको बहुआवश्यकता पूरा गर्नको लागि तथा जीविकोपार्जन सहयोगार्थ प्रदान गरिने नगद सहयोगलाई ब्यवस्थित्, संस्थागत तथा एकरुपता ल्याउनको लागि यस कार्यविधि बनाउन बान्छनीय भएकाले यस नरैनापुर गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ र २७, तथा स्थानीय सरकार संचालन ऐन २०७४को दफा ११ ले दिएको अधिकार प्रयोग गरी नरैनापुर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

### परिच्छेद — १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “मानवीय सहायतार्थ नगद सहायता (सञ्चालन) कार्यविधि २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्दछ।

(ख) “राहत” भन्नाले मौसम पूर्वानुमान बमोजिम विपद्को उच्च जोखिममा रहेका वा विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनुपर्दछ।

(ग) “नगद सहायता” भन्नाले विपद पूर्व, विपदको समयमा या विपद पश्चात प्रभावित व्यक्ति वा परिवारलाई प्रदान गरिने आर्थिक (नगद) सहयोग हो भन्ने सम्झनुपर्दछ। यस प्रकारको नगद सहयोग “विपद् पूर्वानुमानमा आधारित वित्तीय लगानी” मा पनि लागू हुने छ।

(घ) “कोष” भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्दछ।

(ङ) “प्रभावित व्यक्ति” भन्नाले मौसम पूर्वानुमान बमोजिम विपद्को उच्च जोखिममा रहेका वा विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्दछ।

(च) “समिति” भन्नाले यस गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनको दफा ३ बमोजिमको गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति सम्झनुपर्दछ।

(छ) “संयोजक” भन्नाले समितिको संयोजक सम्झनुपर्दछ।

(ज) “नगद सहयोग पद्दति/ढांचा” भन्नाले यस कार्यविधिको दफा १२ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम कुनैपनि श्रोत बाट लाभान्वित व्यक्तिमा नगद प्रवाहगर्दा अपनाईने प्रणाली एवं ढांचा लाई सम्झनुपर्दछ।

(झ) "वित्तीय सेवा प्रदायक" भन्नाले कुनै पनि बैंक, सहकारीसंथा, रेमिट्यान्स कम्पनी वा सोहीअनुसारका नेपाल सरकारका प्रचलित कानुन, नियमनमा रही स्थापना भइ विभिन्न प्रकारले वित्तीय सेवाहरु प्रदान गर्ने/गरेका संथाहरु सम्झनुपर्दछ।

(ञ) "न्यूनतम खर्च टोकरी" भन्नाले प्रतिव्यक्ति जीविकोपार्जन खातिर आवश्यक पर्ने खाद्यान्न एवं अन्य अति-आवस्यक बस्तु तथा सेवा-सुविधाको निमित्त आवस्यक पार्न जाने समग्रमा एकमुष्ठ आर्थिक आकार हो भन्ने सम्झनुपर्दछ।

(ट) "वितरण पश्चात अनुगमन" भन्नाले यस कार्यविधिको दफा २६ को अनुसूची (४) मा उल्लेख गरिए बमोजिम राहत तथा पुनर्लाभ स्वरूप प्रदान गरिएको नगदको उपयोगिता एवं प्रभावकारिता बारे अध्यन गर्ने उद्देश्यले वितरण पश्चात गरिने अनुगमन लाई सम्झनुपर्दछ।

(ठ) "विपद् उत्तरदायी सामाजिक सुरक्षा" भन्नाले विपद पूर्व, विपदको समयमा वा विपद पश्चात राहत वा सहयोगलाई छिटो, कम खर्चिलो र प्रभावकारी बनाउनको लागि विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको संयन्त्र वा तथ्याङ्क प्रयोग गरिने कार्यलाई सम्झनुपर्दछ ।

(ड) "बजारको द्रुत-लेखाजोखा" भन्नाले कुनैपनि विपदको घटना पूर्व, विपदको समयमा र विपद पश्चात् द्रुतगतिमा गरिने बजारको लेखाजोखालाई सम्झनुपर्दछ।

(ढ) "विपद्/संकट-पूर्व बजार नक्सांकन" भन्नाले सामान्य अवस्थामा विपद् पूर्वतयारीको उद्देश्यले बजार संचालनका मुख्य तत्वहरु, विपदले प्रभाव पार्न सक्ने क्षेत्रहरु, गोदाम-ढुवानीको अवस्था, सामाग्रीहरुको उपलब्धता एवं मूल्य तथा विपदको समयमा सृजना हुन सक्ने अवस्थाको बारेमा विपद पूर्व गरिने अध्ययन एवं नक्सांकन लाई सम्झनुपर्दछ।

(ण) "E-CASH" भन्नाले विधुतीय माध्यमबाट श्रोतहुँदै लाभग्राहीसम्म पुर्याईएको नगद रकम तथा पुर्याउने विधिलाई सम्झनुपर्दछ। यस अन्तर्गत बैंक तथा वित्तीय सेवा प्रदायकहरुको खातामा जम्मा गरेको रकम, मोबाइल फोन को SMS मार्फत पठाइएको रकम, विधुतीय कार्डहरुमा जम्मा गरिएको रकम, तथा उक्त सेवाप्रदायकहरु मार्फत् जम्मा गरिने या लाभग्राही सम्म पुर्याउने जस्ता कार्यलाई सम्झनुपर्दछ।

## परिच्छेद – २

## <u>नगद सहायताको औचित्य, उद्देश्य तथा नगदको श्रोत</u>

३. **<u>नगद सहायताको औचित्यः</u>**

(१) मौसम पूर्वानुमानको आधारमा विपद पूर्व, विपदको समयमा र विपद पश्चात प्रदान गरिने राहत को बढ्दो विविधिकरण संगै बढ्दो एवं भिन्न भिन्न न्यूनतम् आवस्यकताहरु हुने र ति मध्ये अति आवस्यक बस्तु हासिल गर्न सहयोग पुर्याउने उद्देश्यले बस्तुगत राहत सामग्रीसंग या अलग्गै राहत स्वरुप नगद सहायता प्रदान गर्ने गरिएको छ।

(२) यस नरैनापुर गाउँपालिकाले विपद् व्यवस्थापन कार्यलाई अझ व्यवस्थित गर्न अन्तर्राष्ट्रिय एवं राष्ट्रिय प्रतिबद्धता हरुलाई कार्यन्वयन गर्न, एवं विकासको बढ्दो अवस्थामा नया र छरितो पद्धति एवं औजारहरु प्रयोग गरि मौसम पूर्वानुमानको आधारमा पूर्व कार्य एवं प्रतिकार्यलाई सरल, पारदर्शी र सहभागीतामुलक बनाउने उद्देश्यले ऐनको दफा ११ अनुसार सबै संघसंस्था एवं निकायहरु संग समन्वय एवं साझेदारी गरि अध्ययन, विकास एवं कार्यान्वन गर्ने गरि यो कार्यविधि तयार गरिएको छ।

(३) सन् २०१६ को विश्व मानविय सम्मेलनकै दौरान "ग्रान्ड बार्गेन प्रतिबद्धता" को मर्म अनुसार बिस्तृत समन्यव एवं साझेदारी मार्फत विपद्प्रतिकार्यमा नगद सहायता सम्बन्धि प्रबिधिको अध्ययन तथा विकास गरि विपद् र बजारको अवस्था अनुसार नगद सहितको राहत सहयोग गर्ने उदेश्य राखिएको छ।

(४) सन् २००४ मा हिन्द-महासागरको तटीय छेत्रमा गएको सुनामी प्रतिकार्य पश्चात व्यापक बन्दै गएको <u>नगद समाबेशी राहत</u> मानबिय सहायता क्षेत्र अन्तर्गत् नेपालमा सन् २००८ को कोशी बाढी  प्रतिकार्यमा पहिलोपटक व्यवस्थित तवरले प्रयोग भएको पाईन्छ। त्यस पश्चात, नेपलामा नगद सहितको राहत प्रतिकार्यको बढ्दै गएको अवस्थामा यस बिषय सम्बन्धि बुझाईमा एकरुपता ल्याउन र प्राबिधिक ज्ञान तथा शिपलाई अधिकतम उपयोग गरि राहत कार्यलाई प्रभावकारि बनाउन र समन्वयकार्यमा कमि हुन नदिन यस नरैनापुर गाउँपालिकाले यो कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याएको हो ।

४. **<u>नगद सहायताको उद्देश्यः</u>**

विपद पूर्व, विपदको समयमा वा विपद पश्चात स्थानीय बजार तथा सेवाहरु आंशिक या पूर्ण रुपमा संचालन भएको, अथवा मौसम पूर्वानुमान बमोजिम विपद्को उच्च जोखिममा रहेका जनतालाई तत्कालको बहुआवश्यकता भएको वा प्रभावित समुदायहरु शीघ्र-पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणको अवस्थामा आइपुगेको अवस्थामा नगद सहायता गर्नुको निम्नानुसारका उद्देश्यहरु रहेका छन्ः

(१) मानवीय सहायतालाई मर्यादित बनाउनुका साथै विपद पूर्व एवं प्रतिकार्यलाई छिटो, छरितो र सहभागितात्मक बनाउने,

(२) न्यूनतम राहत सँगसँगै स्वरोजगार तथा रोजगारी व्यवस्थापनको माध्ययमबाट विपद्प्रभावितहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने,

(३) गुणक-प्रभावद्वारा आर्थिक पुनर्लाभमा सहयोग पुर्याउने,

(४) विपद् प्रभावित घर/परिवारले आ-आफ्नो अवस्था (जोखिमको सम्भावना बमोजिमको बहुआवश्यकता, क्षतिको स्तर, अत्यावस्यक बस्तुहरु आदि) अनुसार गरिमामय रुपमा आफ्नै छनोट अनुसार बस्तु एवं सेवा प्राप्त गर्न सहज बनाउने,

(५) नगद प्रबाह भई स्थानीय बजार तथा सेवा सुचारु गर्न मद्धत पुर्याउने,

(६) "कामका लागि नगद (पैसा)" जस्ता नगद सहायता कार्यक्रम मार्फत सामुदायिक सुविधाहरु जस्तै, बाटो, कुलो, पिउनेपानी, स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रको सिघ्र पुनर्लाभ एवं पुनर्स्थापनामा टेवा पुर्याउने, र

(७) नगद सहितको राहत सहयोगमार्फत व्यक्तिगतरुपमा अत्यावस्यक सेवा-सुबिधा तथा सामग्री हासिल गरि समतामूलक तथा गरिमामय जिबन निर्वाह गर्न मद्दत पुर्याउने र संरक्षणका चुनौतीहरुलाई समेत सामना गर्न सहज बनाउने ।

## ५. <u>नगद सहायताको श्रोतः</u>

(१) यस गाउँ विपद् व्यवस्थापन कोष परिचालन निर्देशिकाको अधिनमा रही उक्त कोषमा जम्मा हुन आएको रकम,

(२) नगद सहायता कार्यक्रमकै उद्देश्यले सम्बन्धित् संघ, प्रदेश एवं जिल्लाबाट उपलब्ध गराइएको राहत सहयोग (नगद),

(३) नगद सहायता कार्यक्रमकै उद्देश्यले छिमेकी स्थानीय निकायहरुबाट प्राप्त सहयोग,

(४) विपद् व्यवस्थापन तथा मानवीय सहयोगको क्षेत्रमा कार्य गरिरहेका, तथा गर्न इच्छुक साझेदार संघ-संस्था, तथा निकाय मार्फत कार्यक्रमको लागि स्वीकृत बिनियोजित बजेट,

(५) साझेदार संघ-संस्था, दात्री निकाय तथा संयुक्त राष्ट्रसंघका नियमित तथा बिशेष कार्यक्रम मार्फत उपलब्ध गराइएको आर्थिक सहयोग,

(६) नेपाल सरकारको प्रचलित कानूनको अधिनमा रहि संकलन भएको/हुन आउने यस नरैनापुर गाउँपालिकाको अन्य आम्दानी ।

## परिच्छेद – ३
## कार्यविधिको उद्देश्य तथा प्रयोग

### ६. कार्यविधिको उद्देश्य तथा प्रयोग

(१) विपद् व्यवस्थापन ऐन २०७५ ले प्रदान गरेको व्यवस्था अनुसार यस नरैनापुर गाउँपालिका क्षेत्र भित्र संचालन गरिने विपद् विपद पूर्व एवं प्रतिकार्यको राहत सहायता कार्यलाई व्यवस्थित एवं एकरुपता प्रदान गर्न/गराउन,

(२) कार्यक्रमको उपयोगिता तथा प्रभावकारीता सुनिस्चित गर्न सघाउ पुर्याउने उद्देश्यले विपद्को अवस्थाको अध्ययन, विपद पूर्व एवं विपद्-पश्चात बजारको स्थिति तथा अवस्थाको अध्ययन, प्रभावित व्यक्ति तथा परिवारहरुको बिशेष आवस्यकताको अध्ययन, नगद-सहायता कार्य गर्न अपनाइने अन्य (अनुसूची अनुसार) आधारभूत अध्ययनहरु गर्न/गराउन,

(३) तथ्यांक संकलन तथा विश्लेषण, योजना निर्माण एवं कार्यान्वन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यमा समान बुझाई एवं एकरूपता प्रदान गर्न/गराउन।

(४) विभिन्न अध्ययन तथा लेखाजोखाहरुको बिश्लेषणको आधारमा अवस्थानुसार निर्णय गरि आवस्यक एवं उपयुक्त नगद सहायता कार्यक्रम संचालन गर्न/गराउन,

(५) दफा ५ अनुरुप सहयोग गर्न खोजिएको रकमको परिणाम निर्धारण गर्न/गराउन,

(६) गै. स. स. एवं अन्य साझेदारी संघ-संस्था तथा निकायहरुसंग/द्वारा राहत स्वरुप प्रदान गरिने नगद सहायतालाई व्यवस्थापन गर्न/गराउन,

(७) "स्थानीय नगद सहायता संयोजक लाई मार्गनिर्देश गर्न/गराउन

(८) आवस्यक निर्देशन, अनुगमन तथा मूल्यांकन गर्न,

(९) राहतको रुपमा प्रदान गरिने नगद सहायता सम्बन्धि मापदण्ड स्वीकृत गरि कार्यन्वयन गर्न/गराउन, सोहि प्रकृतिका कार्यक्रम(हरु)को स्वीकृति दिने/नदिने निर्णय गर्न,

(१०) बिपदको समयमा नियमित बजार अनुगमन गरि कालो बजारी गर्ने, कृत्रिम अभाव शृजना गर्ने तथा अप्राकृतिक तरिकाले मूल्यवृद्धि गर्ने कार्यहरुलाई नियन्त्रण तथा नियमन गर्न,

(११) समितिको निर्णय अनुसार ऐनको परिधिभित्र रही आवस्यक पर्न जाने अन्य कार्य गर्न/गराउन, र

(१२) सहयोगी शाझेदार संघ/संस्था तथा निकायहरुको कार्य तथा सहयोगलाई निम्नानुसार व्यवस्थापन गर्न/गराउनः

(क) यस कार्यविधिको दफा ६ को उपदफा १ देखि ११ सम्मको प्रावधान बमोजिम कार्य गर्न यस नरैनापुर गाउँपालिकालाई सहकार्य मार्फत सहयोग गर्न,

(ख) यस पालिकामा दक्ष एवं अनुभवी "स्थानीय नगद सहायता संयोजक नरहेको अवस्थामा वा थप आवस्यकता हुन गएको अवस्थामा सहयोगी संस्थाकै व्यवस्थापन अन्तर्गत रही "नगद सहायता कार्यक्रम" संचालन अवधिभर "संयोजक" उपलब्ध गराई सहयोग गर्न,

(ग) तथ्यांक संकलन तथा विश्लेषण, योजना निर्माण एवं कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्य गर्न यस गाउँ विपद् व्यवस्थापन समितिलाई सहकार्य मार्फत सहयोग गर्न,

(घ) विभिन्न अध्ययन तथा लेखाजोखाहरुको बिश्लेषणको आधारमा अवस्थानुसार तथ्य परक निर्णय गर्न समितिसंगको सहकार्य मार्फत सहयोग गर्न,

(ङ) नगद सहायता कार्यक्रमलाई नियमित प्रकृतिको राहतको प्याकेजमा समाबेश गर्न प्राबिधिक सहयोगको आवस्यकता पर्दा उक्त सहयोगलाई बिशेष प्रार्थमिकता दिई सहकार्य मार्फत सहयोग गर्न,

(च) प्रभावित व्यक्ति तथा परिवारलाई सहकार्यात्मकरुपले नगद सहायता कार्यक्रम संचालनगर्न इच्छुक नेपाल सरकार बाट मान्यता प्राप्त संघ-संस्था, ब्यापारिक केन्द्र, निजि क्षेत्र, धार्मिक तथा परोपकारी संस्थाहरु तथा व्यक्तिहरुले यसको दफा १२ को उपदफा (२) अनुसार नगद सहायताको

पद्दति/ढांचा (मोडालिटी) तयार गरि यस कार्यविधि अनुरुप कार्यक्रम विकास गरि समितिसंगको सहकार्य एवं साझेदारीमा प्रचलित कानुनसंगत रही संचालन गर्न,

(छ) नगद सहायता कार्यक्रमलाई प्रभावकारी बनाउन विपद्-पूर्व गरिने बजार नक्सांकन एवं लेखाजोखा, लाभग्राहीहरुको बिस्तृत तथांक सङ्कलन एवं विश्लेषण, वित्तीय सेवा प्रदायकहरुको उपस्थिति, क्षमताको आँकलन एवं आवस्यक सम्झौता, जीविकोपार्जन तथा विपद्ले प्रभाव पार्न सक्ने आर्थिक क्षेत्रहरुको विश्लेषण आदि कार्य गर्न दक्ष तथा अनुभवी जनसक्ति सहित यस नरैनापुर गाउँपालिकालाई सहायोग गर्न।

## परिच्छेद — ४

## योजना तर्जुमा, समन्वय तथा सहकार्य

### ८. योजना तर्जुमा सम्बन्धि व्यवस्था (शुरुवाती चरण):

(१) मौसम पूर्वानुमान बमोजिम विपद घटना घटन सक्ने उच्च सम्भावना भएमा वा विपद्को घटना घटेको सुरुवाती चरणमै यस पालिकाले विपद् व्यवस्थापनको क्षेत्रमा यहाँ कार्यरत साझेदार संघ-संस्थाहरुसंग सहकार्य गरि नगद सहयोग सम्बन्धि आवस्यक कार्य गर्ने छ ।

(२) बजारको अवस्थाको प्रारम्भिक विश्लेषण गरि नगद सहयोगको सम्भाव्यता अध्ययन गरिसकेपछि त्यसको आधारमा नगद सहायता योजना तर्जुमा गरिने छ ।

(३) योजना निर्माण गर्दा या निर्णय प्रक्रियामा निम्न बिषयहरुमा ध्यान दिईनेछः

(क) विपद् व्यवस्थापन चक्रमा कुन स्थितिमा अहिलेको अवस्था छ? उक्त अवस्था अनुसार ढांचा/मोडालिटी छनौट गर्ने ।

(ख) ऋतु तथा मौषम उपयुक्त छ/छैन? उक्त ऋतु/मौषममा कुन ढांचाको नगद सहायता कार्य अपनाउदा नकारात्मक प्रभाव कम गर्न सकिन्छ?

(ग) कार्यक्रमको बजेट कति छ? लक्षित बजेट अपुग हुने भएमा सहयोग आव्हान गर्ने या बजेट बमोजिमको लक्षित समूह प्राथमिकिकरण गर्ने / परिवार निर्धारण गर्ने । लक्षित समूह प्राथमिकिकरण गर्दा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरुले जोखिमताको समूहमा राखेको बर्गलाई विशेष ध्यान दिने ।

(घ) व्यवस्थापन तथा संचालन खर्च कति हुन जान्छ? उक्त शीर्षकमा अधिक खर्च हुने देखिएमा ढांचा/मोडालिटी उपर छलफल गरि आवस्यक परेमा ढांचा/मोडालिटी परिवर्तन गर्ने ।

(ङ) तत्कालिन अवस्था एवं उपलब्ध व्यवस्था अनुसार आवस्यक निर्णय गर्ने ।

(च) विपद पूर्व, विपदको समयमा वा विपद पश्चात राहत वा सहयोगलाई छिटो, कम खर्चिलो र प्रभावकारी बनाउनको लागि विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको संयन्त्र वा तथ्याङ्क प्रयोग गर्ने सम्भावना विश्लेषण गर्ने र प्रयोग गर्ने ।

## ९. <u>समन्वय सम्बन्धि व्यवस्थाः</u>

(१) तथ्यांक संकलन, अवस्था विश्लेषण, नगद सहायताको ढांचा/मोडालिटी तयार, योजना तर्जुमा एवं कार्यन्वयन तथा अनुगमन कार्य गर्न विपद् व्यवस्थापनको क्षेत्रमा यहाँ कार्यरत साझेदार संघ-संस्थाहरु, गै.स.स., संयुक्त राष्ट्रसंघीय निकायहरु तथा दात्री निकायहरुसंग सहकार्य गरि गरिने छ ।

(२) प्रापक (लाभग्राही) संगको छलफल मार्फत सल्लाह-सुझाव सम्मिलित योजना निर्माण गर्न विभिन्न समुदाय-स्तरका छलफल कार्यहरु गरिने छ।

(३) लाभग्राही (लक्षित समुह/परिवार/व्यक्ति) छनौट गर्ने क्रममा प्रभावित क्षेत्रमा लाभग्राहीहरुलाई निम्न कुराहरुको अग्रिम जानकारी गराइने छः

(क) किन छानिएका हुन्?

(ख) को-को छानिएका छन् र कुन आधारमा छानिएका हुन्?

(ग) के के उपलब्ध हुने हो? नगद रकम कति र किन त्यति बराबरको पाउने हो?

(घ) वास्तविक छुटेका लाभग्राहीहरु कसरी सहभागिताको सूचीमा सामेल हुने? प्रक्रियाहरु के के अपनाउनु पर्ने हो? यस्तो अवस्थामा कहाँ, कहिले, कसलाई सम्पर्क गर्नु पर्ने हो?

(ङ) नगद सहायता कहिले र कहाँ पाइने हो? घरका सदस्यहरुमा को-कसले पाउन योग्य हुने हो?

(च) एक पटक हो या पटक पटक पाउने हो?

(छ) कसरि सहयोग उपलब्ध हुने हो?

(ज) नक्कली लाभग्राहीहरु कसरि सामेल भए? यस्तो क्रम रोक्नका लागि कुन स्तरको समन्वय तथा सूचनाको आवस्यक पर्ला? आदि।

(४) निजि क्षेत्र जस्तैः बैंक तथा वित्तीय सेवाप्रदायक, उद्योग बाणिज्य महासंघआदि हरु संगको समन्वय यस कार्यकालागि अपरिहार्य हुने हुनाले समिति, सहयोगी संस्थाहरु तथा यस पालिकामा रहेका सम्बन्धित सरकारी कार्यालयहरुले सुरुवाती चरण देखि नै निजि क्षेत्र तथा संस्थानहरुसंग सहकार्य गर्ने, गराउने र आवस्यक सम्झौता गर्ने।

(५) दफा ९ को उपदफा (४) अनुसार समन्वय तथा सहकार्य गर्दा निम्न बिषयमा बिशेष छलफल भई सहमति गरिनुपर्दछः

(क) समितिको अगुवाइमा के, किन र कस्तो कार्यक्रम, कहिले सम्म संचालनमा आउने, कुन ठाउमा र कति रकम बराबरको कार्यक्रम हो भन्ने बारेमा जानकारी आदानप्रदान गर्ने, गराउने।

(ख) उपदफा ४ अनुसारका सेवाप्रदायकहरुको कस्तो भूमिका हुन सक्छ, कार्यक्रममा सहभागी हुनका लागि कुन स्तरको क्षमता छ? आवस्यकता अनुसार आवस्यक सम्झौता गर्ने र समय-समयमा अध्यावधि गर्ने।

(ग) उपदफा ४ अनुसारका सेवाप्रदायक हरु विपद प्रभावित तथा पालिकाले पूर्व-पहिचान गरेका अति-बिकट एवं संकटासन्न स्थानमा सेवा प्रदान गर्न सक्छन्? घुम्ती बैंक, घुम्ती आदि संचालन गर्नु पर्ने अवस्थामा सुरक्षा अवस्था कस्तो हुन्छ र यस गाउँ पालिकाले के-कस्तो सहयोग गर्न सक्छ, आदि।

(६) यस गाउँपालिका भित्र रहेका सुरक्षा निकाय, छिमेकी स्थानीय निकायहरु, जिल्ला विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति तथा प्रदेश र संघीय स्तरका प्रासंगिक बिभाग/केन्द्रहरु एवं राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण संग पनि नियमित रुपले सूचना तथा सेवा आदानप्रदान गर्न तथा गराउन नियमित रुपले समन्वय/सहाकार्य गरिनेछ ।

## परिच्छेद –५
## लेखाजोखा तथा विश्लेषण

**१०. नगद सहायता कार्यक्रमः अवस्था लेखाजोखाः**

(१) प्रचलित विधिसंगत मौसम पूर्वानुमानमा आधारित सम्भावित विपद वा घटना पश्चात विपद्को प्रभाव लेखाजोखाको आधारमा नगद सहायता कार्यक्रम संचालन गर्ने या नगर्ने निर्णय यस समितिले गर्ने छ।

(२) बजारको द्रुत-लेखाजोखा गर्न यस समितिले तत्कालै निर्णय गर्ने छ र दफा २६ को अनुसूची ३ को संछिप्त आधारभूत बजार-व्यवसाय संरचना फारम प्रयोग गरि बजारको न्यूनतम सूचना संकलन गरिने छ ।

(क) यस परिमार्जित संछिप्त फारमको प्रयोगबाट बजारको तत्कालिन अवस्थाको बारेमा जानकारी हुनेछ भन्ने उद्देश्य लिईएको छ ।

(ख) न्यूनतम निर्वाहमुखी बजार नहुदा नगद सहायताको कुनै औचित्य नहुने हुँदा बजारको न्यूनतम संचालन अवस्था, आवस्यक सामग्रीको उपलब्धता, खुद्रा तथा थोक व्यवशायको अवस्था एवं क्षमता, बजारसम्मको पहुँच, माग-आपूर्ति सम्बन्ध, प्रतिस्पर्धात्मक अवस्था आदिको अति-आधारभूत जानकारी हुनुपर्ने हुनाले यि बिषयबस्तु समेटिनेगरि मुख्य आधार-प्रश्नहरुको उत्तर उक्त अनुसूची ३ को फारमको प्रयोग गरि संकलन गरिने छ ।

(३) विपद्-पूर्व बजार नक्सांकन गर्नाले सामान्य अवस्थामा बजार संचालनका मुख्य तत्वहरु, विपदले प्रभाव पार्न सक्ने क्षेत्रहरु, गोदाम-ढुवानीको अवस्था, सामाग्रीहरुको उपलब्धता, खुद्रा-थोक व्यवसायको सम्बन्ध एवं प्रचलित बस्तु तथा सेवाहरुको मूल्य साथसाथ विपदको समयमा सृजना हुन सक्ने अवस्थाको बारेमा जानकारी हुनजान्छ ।

(क) यदि सामान्य अवस्थामा (विपद् अगावै) सूचना संकलन गरिएमा विपद पूर्वकार्य एवं प्रतिकार्य क्षमता विस्तार गर्न सकिने र पूर्व एवं प्रतिकार्य सहज गर्न मद्दत पुग्ने छ ।

(ख) विपद्-पूर्व बजार नक्सांकन गर्न दफा १० को उपदफा (३) का मुख्य प्रश्नहरुको उत्तर प्राप्त हुने तरिकाले सरलीकृत विपद् (संकट)-पूर्व बजार नक्सांकन फारम तयार गरि गरिने छ ।

(४) नगद प्रवाह सम्बन्धि कार्य गर्न बैंक तथा वित्तीय सेवा प्रदायकहरुको उपस्थिति, उपलब्ध सेवाहरु, प्रबिधि तथा क्षमता आदिको जानकारी संकलन गरिनु पर्दछ । उक्त जानकारीको आधारमा ढांचा/मोडालिटी छनौट सम्बन्धमा सहजीकरण गर्ने छ ।

(क) बैंक तथा वित्तीय सेवा प्रदायकहरुको सामान्य परिचालन क्षमता मुल्यांकन यसै कार्यविधिको दफा २६ को अनुसूची (८) को फारम प्रयोग गरि गरिने छ।

## ११. <u>नगद सहायता कार्यक्रमः अवस्था विश्लेषणः</u>

(१) विभिन्न तथ्यांक संकलनका औजारहरु तथा पद्दति मार्फत संकलित सुचनाहरुका आधारमा यस नगद सहायता कार्यक्रम संचालन गरिने छ ।

(२) दफा १० अनुसार संकलित सुचनाहरु, विपद् को अवस्थाबारे संकलित नियमित बुलेटिन तथा अवस्थाबारे आधिकारिक जानकारीहरु आदिको आधारमा र यसै दफाको उपदफा (३) अनुसारको जोखिम विश्लेषणको आधारमा नगद सहायता गर्नु उचित या अनुचित भन्ने निस्कर्षको सूचना सार्बजनिक गरिनेछ ।

(३) अनुसूची ७ अनुसार नगद सहायता कार्य गर्न अथवा नगद प्रवाह गर्दा हुन सक्ने जोखिम, सम्भावित असरहरु तथा न्यूनीकरणका उपायहरु अध्ययन गरिनेछ।

(४) दफा १० र ११ को सूचना तथा तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम संचालन गर्ने या नगर्ने, गर्ने भए कुन ढांचा/मोडालिटीको गर्ने, कहिले र कसरि गर्ने भन्ने बारेमा निर्णय गरिने छ र सम्बन्धित् सबैलाई जानकारी गराइनेछ ।

## परिच्छेद –६

## वितरण प्रक्रिया

### १२. निर्णय तथा लक्ष्य निर्धारणः

(१) दफा १० र ११ को अधिनमा रही अनुसूची ६ को न्यूनतम खर्च टोकरी को आधारमा उक्त खर्च टोकरीको कति प्रतिसत नगद सहयात निर्धारण गर्ने सहितको निर्णयको आधारमा उपदफा (२) मा उल्लेख गरिए बमोजिम अवस्थानुसार उपयुक्त ढांचामा  सहायता गरिने छ ।

(२) निम्न उल्लेखित ढांचाहरुबाट कुनै एक या एक भन्दा बढी गरि संयुक्त रुपमा तथ्य परक अवस्थाको विश्लेषण पश्चात नगद सहायता गरिने छः

(क) बहुउद्देश्यीय नगद सहयोग

| | |
|---|---|
| प्रक्रिया | - प्रभावितहरुलाई तत्कालै आर्थिक/नगद सहायता प्रदान गर्ने<br>- निर्धारित सहयोग रकम एक पटकमा या पटक-पटक गरि हस्तान्तरण गर्ने<br>- सामान्यत खुल्ला नगद प्रदान गरिदै आइरहेको यस पद्दति अन्तर्गत अन्य तरिकाहरु पनि उपयोग गरिने छ, जस्तै लाभन्वित व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैंक खाता भएमा सो मार्फत (नभएको अवस्थामा खाता खोल्न सहयोग गरि), या वित्तीय सेवा प्रदायकहरुले संचालन गर्ने मोबाइल एप्स मार्फत, या प्रिपेड एटिएम डेबिट कार्ड या इस्मार्ट कार्ड मार्फत नविनतम प्रबिधिको प्रयोग गरि नगद सहायता प्रबाह गरिने छ । |

| | |
|---|---|
| कुन अवस्थामा यो ढांचा छनौट गर्ने? | - कुनै पनि विपद् पूर्व मौसम पूर्वानुमानको आधारमा क्षति हुनसक्ने उच्च सम्भावना देखिएमा वा विपद् पश्चात जन-धनको व्यापक क्षति हुनगई विभिन्न क्षेत्रगत सामाग्रीहरु सहायता गर्न समय लाग्ने र व्यवस्थापन चुनौतिहरु हुने अवस्था भएमा,<br>- फरक-फरक न्यूनतम् आवस्यकताहरु पूर्ति गर्न असहज परिस्थिति हुने अवस्था भएमा,<br>- निर्धारित वस्तुगत सहायताले उक्त आवस्यकताहरु पुर्तिगर्न नसक्ने अवस्था भएमा, र<br>- अन्य सम्बन्धित निर्णयहरुको आधारहरुमा बहुउद्देश्यीय नगद सहायता प्रदान गरिने छ । |

(ख) ससर्त नगद अनुदान

| | |
|---|---|
| प्रक्रिया | - लाभग्राहीहरुलाई अवस्था र आवस्यक्ताको बिश्नेषणको आधारमा शीघ्र पुनर्लाभ, पुनर्लाभ तथा पुनर्निर्माण या पुनर्स्थापना कार्यमा सघाउन आर्थिक सहायता/अनुदान सहयोग गर्ने ।<br>- लाभन्वित व्यक्तिहरुको बैंक खातामार्फत (नभएको अवस्थामा खाता खोल्न सहयोग गरि), या वित्तीय सेवा प्रदायकहरुले संचालन गर्ने मोबाइल एप्स मार्फत, या प्रिपेड एटिएम डेबिट कार्ड या स्मार्ट कार्ड मार्फत नविनतम प्रबिधिको प्रयोग गरि नगद सहायता प्रबाह गरिने छ । लाभान्वित व्यक्तिहरुको सामाजिक सुरक्षा बैंक खता भए सोहि खाता प्रयोगमा ल्याउनु पर्ने छ । |
| कुन अवस्थामा यो ढांचा छनौट गर्ने? | - कुनै पनि क्षेत्रगत शीघ्र-पुनर्लाभ, पुनर्लाभ तथा पुनर्निर्माण या पुनर्स्थापना कार्य, जस्तै आवास-पुनर्निर्माण, कृषिमा पुनर्लाभ, शिक्षामा पुनर्स्थापना आदि कार्यमा प्रभावित व्यक्ति/परिवार तथा समुदायले आफै उक्त कार्य सम्पन्न गर्ने गरेमा या यस्तै प्रकारको सहायता हुने अवस्था भएमा,<br>- समग्र घरेलु अर्थव्यवस्थामा टेवा पुर्याउने उद्धेश्य लिईएको अवस्थामा,<br>- विपद प्रभावितहरुलाई शीघ्र पुनर्लाभ, पुनर्लाभ तथा पुनर्निर्माण या पुनर्स्थापना कार्यहरु मार्फत स्वरोजगारी प्रदान गरि प्रतिकार्य गर्ने अवस्था भएमा। |

(ग) कामको लागि नगद (पैसा) कार्यक्रम

| | |
|---|---|
| प्रक्रिया | - निश्चित **“<u>काम गरे बापत पाउने नगद</u>”**को आकार (कामको लागि नगद) पहिले निश्चित गरिने छ ।<br>- स्थानीय सेवा-सुबिधाहरु (जस्तै बाटो, कुलो, स्वास्थ्य-शिक्षा, खानेपानी आदि) पुनर्निर्माण तथा सेवा सुचारु गर्नुपर्ने अवस्था रहेमा स्व-लक्षित (आत्म लक्षित) विधि अपनाई निश्चित दिन/घण्टा काम गरे बापत नगद सहायता प्रदान गरिने छ ।<br>- यस नगद सहायता ढांचामा विपद् प्रभावित व्यक्तिहरुले आफू उक्त कार्य गर्न इच्छुक छु भनि नाम दर्ता गराउनु पर्ने हुनाले उक्त कार्यका बारेमा अग्रिम जानकारी गराइने छ।<br>- उक्त कार्य गरेबापत पाउने दैनिक सहायता रकम स्थानीय दर-रेट अनुसार सामान्य तथा कुशल श्रमशक्तिको आधारमा निर्णय गरिने छ ।<br>- उक्त कार्यकालागि छनौट गरिएको व्यक्ति तथा परिवारले तोकिएको अधिकतम कार्य-दिन भन्दा बढी काम गर्न पाउने छैनन् । घुम्ती व्यवस्थानुसार एक परिवारले उक्त काम गरिसकेपछि अर्को छुटेको अथवा इच्छुक परिवारका सदस्यलाई प्रदान गरिनेछ । |
| कुन अवस्थामा यो ढांचा छनौट गर्ने? | - कुनै निश्चित समुह अथवा परिवार हरुलाई विपद्ले निकै असहज परिस्थिति सृजना गरेको अवस्थामा निज समुह अथवा परिवार हरुले नगद/पैसाका लागि काम गर्ने इछ्या जाहेर गरेको अवस्था भएमा,<br>- स्थानीय सेवा-सुविधाहरु सिघ्र-पुनर्लाभ, पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था रहेमा,<br>- विपद्पश्चात ठुलो जनसंख्याको हिस्सा बेरोजगार हुनगई अस्थाई रोजगारीको अवस्था सृजना गर्नु पर्ने अवस्था भएमा,<br>- स्थानीय रोजगारीका अवसरहरु विपद्ले नराम्ररी प्रभावित गरेको अवस्था भएमा। |

(घ) भौचर पद्दति मार्फत नगद/अत्यावस्यक सामग्री सहायता

| | |
|---|---|
| प्रक्रिया | - नगद भौचर र सामाग्री भौचर गरि दुईवटा भौचर पद्दति फरक अवस्थामा उपयोगमा ल्याईने छ ।<br>- नगद भौचर प्रणालीअनुसार निश्चित निर्धारित रकम तोकिएको कागजी तथा विधुतीय भौचरमा उल्लेख गरि निश्चित सेवाकेन्द्र अथवा वित्तीय सेवा प्रदायकहरुमार्फत लाभग्राहीले नगद सटही गराउने छन् ।उक्त कार्यकालागि वित्तीय सेवा प्रदायकहरुसंग यस समितिले या सहयोगी संघ-संस्थाले बिशेष सम्झौता गरेको हुने छ ।<br>- सामाग्री भौचर प्रणालीअनुसार निश्चित निर्धारित अत्यावस्यक अथवा उद्देश्य अनुरुपका सामानहरु तोकिएको कागजी तथा विधुतीय भौचरमा उल्लेख गरि निश्चित सेवाकेन्द्र अथवा थोक तथाखुद्रा सेवा प्रदायकहरुमार्फत लाभग्राहीले आवस्यक सर-सामना उपलब्ध गर्ने छन् ।उक्त कार्यकालागि निश्चित सेवाकेन्द्र अथवा थोक तथा खुद्रा सेवा प्रदायकहरुसंग यस समितिले या सहयोगी संघ-संस्थाले बिशेष सम्झौता गरेको हुने छ ।<br>- सामाग्री भौचर सहायतामा कुनै बिशेष क्षेत्र जस्तै खाद्य सुरक्षा या बहुक्षेत्रीय सिघ्र-पुनर्लाभ तथा पुनर्निर्माणको उद्देश्य लिई सहायता सामग्रीहरुको लिस्ट तयार गरिने छ र उक्त लिस्ट मा रहेका सामाग्रीहरु मात्र लाभग्राहीले उपलब्ध गर्ने छन्। |
| कुन अवस्थामा यो ढांचा छनौट गर्ने? | - कुनै निश्चित समुह अथवा परिवारहरुलाई विपद्ले निकै असहज परिस्थिति सृजना गरेको अवस्थामा निज समुह अथवा परिवारहरुले स्व-पुनर्लाभ तथा स्व-पुनर्निर्माण कार्य गर्न सक्ने सहज अवस्था भएमा,<br>- बिशेषगरि विपद्पश्चात खाद्य सुरक्षा, कृषिमा आधारित जीविकोपार्जन, आवास आदि सिघ्र-पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापना गर्न प्रभावित जनसमुदायको क्षमताले नसक्ने अवस्था रहेमा,<br>- विपद्पश्चात ठुलो जनसंख्याको हिस्सा बेरोजगार हुनगई अस्थाई रोजगारीको अवस्था सृजना गर्नु पर्ने अवस्था भएमा,<br>- स्थानीय रोजगारीका अवसरहरु विपद्ले नराम्ररी प्रभावित गरेको अवस्था भएमा। |

(ङ) विपद् उत्तरदायी सामाजिक सुरक्षा थप रकम

| | |
|---|---|
| प्रक्रिया | - सामाजिक सुरक्षा लाभग्राहीहरु (जस्तै बालबालिकाहरु, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला आदि) विपद्को प्रभावले उच्च संकटासन्न अवस्थामा हुने हुनाले सामान्य नागरिकलाई जस्तै गरि प्रदान गरिएको सहयोगले बिशेष आवस्यकताहरु पूर्ति गर्न नसक्ने हुनाले थप नगद सहायता प्रदान गरिने छ । <br> - विपद् उत्तरदायी सामाजिक सुरक्षा सहयोगार्थ थप सहयोग रकमकोलागि बिशेष व्यवस्था गरिने छ र लाभग्राहीहरुको सूचीहरु अध्यावधि गरिने छ । |
| कुन अवस्थामा यो ढांचा छनौट गर्ने? | - सहयोग को निर्धारण गर्ने सामान्य मानकमा सामाजिक सुरक्षा बिशेष लाभग्राहीहरु (जस्तै बालबालिकाहरु, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला आदि) को बिशेष आवस्यकताहरु सम्बोधन गर्न नसकिने अवस्था हुने हुनाले बिशेष थप नगद सहायता आवस्यक भएको अवस्थामा । <br> - बजार आंशिक तथा पूर्ण रुपमा संचालन भएको अवस्थामा । |

## १३. <u>कार्यविधि/कार्यसंचालन बिधिः</u>

(१) क्रियाकलाप सहितको योजना तयार गरि आ-आफ्नो पक्षबाट पुनरावलोकन गरि आवस्यक निर्णयहरु सहित यस समितिमा पेश गर्ने।

(२) दफा १३ को उपदफा (१) अनुसारका योजना (हरु) पेश गर्नु अगावै दफा १४ अनुसारको विशेष तथा लक्षित समुह/वर्गको  बारेमा र उक्त समुहको छनौट प्रक्रियाको बारेमा जानकारी गराउने।

(३) पारित भई कार्यान्वनको लागि स्वीकृत भएको कार्यक्रमको बिस्तृत विवरण यस कार्यविधिले माग गरे बमोजिमको सूचना सहित दफा २६ को अनुसूची १ को फारम भरि यस समितिलाई कार्यक्रम/परियोजना संचालन गर्नु अगावै बुझाउनु पर्ने छ ।

(४) योजना निर्माणको क्रममा क्रियाकलापहरुको सुची तयार गर्दा दफा १० को सूचना तथा तथ्यांकहरुको लेखाजोखाको आधारमा गरिनु पर्दछ। साथै, दफा ११ को तथ्यांक बिश्लेषण तथा तर्क-परक आधारमा योजनाहरु निर्माण गरिनु पर्दछ ।

(५) दफा १३ को उपदफा (४) अनुसारका तयार नगरिएका कार्यक्रमहरुको संचालन अनुमति यस समितिले दिने छैन ।

## परिच्छेद –७

## लक्षितसमुह निर्धारण तथा लाभग्राही दर्ताः

### १४. लक्षितसमुह निर्धारण सम्बन्धि व्यवस्थाः

(१) विपद्ले जन-धनमा व्यापक क्षति गर्ने सम्भावना भएको (मौसम पूर्वानुमानको आधारमा) वा गरेको तथा क्षतिको प्रभाव कुनै निश्चित भूभागमा एकनाशको देखिएमा प्रभावित समुदायहरुका सबै घरधुरीलाई सामेल हुने गरि लक्षित समुह निर्धारण गरिने छ । अकस्मात हुने विपद् (जस्तै बाढी, पहिरो, भूकम्प आदि) को सुरुवाती चरणमा आवस्यकता तथा श्रोतको उपलब्धताको आधारमा सहायता प्रदान गरिने बारे समितिले निर्णय गर्ने छ ।

(२) विपद्ले जन-धनमा व्यापक क्षति गर्ने सम्भावना भएको (मौसम पूर्वानुमानको आधारमा) वा व्यापक क्षति गरेको तर क्षतिको प्रभाव भिन्न-भिन्न भएको अवस्था भएमा सबैभन्दा बढी प्रभावित, अति बिपन्न, उच्च संकटासन्न अवस्थामा रहेका तथा यस्तै सूचकहरूको आधारमा व्यक्ति, घर-परिवार, तथा समुदायहरुलाई छनौट गरि नगद सहायता प्रदान गरिने छ ।

(३) छनौट प्रक्रियालाई पारदर्शी बनाईने छ र गुनासोलाई व्यवस्थित तवरले संकलन तथा सम्बोधन गरिने प्रबन्ध मिलाइने छ ।

(४) छनौट प्रक्रियामा प्रभावित समुदायको सहभागिता गराइने छ जसबाट विशेष अवस्था तथा आवस्यकताको बारेमा बस्तुगत जानकारी हुने छ ।

(५) लक्षित व्यक्ति, घर-परिवार, तथा समुदायहरुको अन्तिम सुची तयार गरि सार्वजनिक गरिने छ ।

### १५. लाभग्राही दर्ता सम्बन्धि व्यवस्थाः

(१) दफा १४ अनुसारको अन्तिम सूची तयार भइसकेपछि नगद सहायताको ढांचा अनुसार र उपलब्ध दर्ता प्रक्रिया प्रयोग गरि लाभग्राहीहरु दर्ता गरिने छ । यसमा आवश्यकता बमोजिम विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको लाभग्राहीको नामावली प्रयोगमा ल्याइने छ ।

(२) अनुगमनको सिफारिस तथा गुनासो सुनुवाइको आधारमा लाभग्राही दर्ता अध्यावधि गरिने छ ।

## परिच्छेद –८

## नगद सहायता वितरण तथा परियोजना संचालन

### १६. नगद सहायता वितरण तथा परियोजना संचालन सम्बन्धि व्यवस्थाः

(१) दफा १३ अनुसार योजना निर्माण गरिसकेपछि यस कार्यविधिको मार्गनिर्देशनमा कुनै कारणले ढिलो नगरि नगद सहायता योजना कार्यान्वयन गरिने छ ।

(२) लाभग्राहीहरुको हातमा समयमै पैसा पुर्याउनका लागि उपयुक्त वितरण संयन्त्र के हुन सक्छ, जस्तै खाम मा राखेर नगद प्रदान गर्ने, बैंक तथा वित्तीय सेवा प्रदायक द्वारा संचालित व्यक्तिगत खातामा जम्मा गरिदिने, या कुनै वित्तीय सेवा प्रदायकलाई घुम्ती बैंक, घुम्ती अर्थात् गर्न अनुरोध गरि तथा स्वीकृति दिई गर्ने आदिको निर्णय तत्कालिन परिस्थिति, अवस्था तथा लाभग्राहीहरुको प्राथमिकताको आधारमा गरिने छ । विद्यमान सामाजिक सुरक्षा कार्यक्रमको लाभग्राहीको बैंक खातामानै नगद प्रभाह गर्ने सम्भावना भएमा सोहि उपाय अपनाइने छ ।

(३) लाभग्राहीहरुको हातमा प्रत्यक्ष नगद प्रदान गर्ने निर्णय अन्य विकल्पहरु सम्भव नरहेको अवस्थामा मात्रै गरिने छ । प्रत्यक्ष नगद प्रदान गर्दा सुरक्षाको चुनौतिहरु पनि बढ्ने हुनाले बैंक तथा वित्तीय सेवा प्रदायकले उपलब्ध गराएको खातामा जम्मा गरिदिने पद्दतिको विकास तथा विस्तार गरिने छ र उक्त कार्यका लागि यस गाउँपालिकाले सहयोगी संघ/संस्थालाई अनुरोध गर्न सक्ने छ ।

(४) स्थानीय सुरक्षा संयन्त्रको परिचालन गरि सुरक्षा चुनौतिहरु सम्बोधन गर्न यस पालिकाले आवस्यक समन्वय तथा निर्णयहरु गर्ने छ ।

### १७. नगद वितरण सम्बन्धि बैकल्पिक पद्दतिहरु छनौट सम्बन्धि व्यवस्थाः

(१) ग्रामिण दुर-दराज क्षेत्रमा बैंक तथा वित्तीय सेवाको पहुँच नभएको या न्यून भएको अवस्थामा प्रत्यक्ष नगद प्रदान गरिने छ जसको लागि स्थानीय सुरक्षा संयन्त्रको परिचालन गरि घुम्ती शिविर संचालनमा ल्याइने छ ।

(२) शहरी क्षेत्रमा बैंक तथा वित्तीय सेवा प्रदायक संस्था तथा अन्य कुशल नवीनतम प्रविधिको प्रयोग गरि व्यक्तिगत खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

(३) धेरै किस्तामा गरिने सहायतामा बैंक तथा वित्तीय सेवा प्रदायकले उपलब्ध गराएको खाता अनिवार्य गरि उक्त पद्दति मार्फत मात्रै नगद सहायता गरिने छ। सामान्य अवस्थामा पनि बैंकिङ्ग प्रणाली मार्फत नगद कारोबार गर्न/गराउन यस गाउँपालिकाले सम्बन्धित सबैलाई निर्देशनका साथ अनुरोध गर्दछ ।

(४) ग्रामिण क्षेत्रमा बैंकिङ्ग साक्षरता सम्बन्धि तयार गरिएका कार्यक्रमहरुलाई यस समितिले बिशेष प्रार्थमिकता दिई कार्यान्वनका लागि सहायता गर्ने छ ।

(५) नगद सहायता कार्यलाई प्रभावकारी बनाउन तथा समयानुकुल बनाउन समितिले विभिन्न बैंक तथा वित्तीय सेवा प्रदायकहरुलाई आवस्यक निर्देशन दिन सक्ने छ । अनुसूची ९ को फारम भरि वित्तीय सेवा-प्रदायकहरुले क्षमता स्व-मुल्यांकन गरि यस समितिलाई बुझाउने व्यवस्था गरिने छ ।

## परिच्छेद –९

## अनुगमन तथा मूल्यांकन

### १८. नगद सहयात कार्यक्रमको अनुगमन सम्बन्धि व्यवस्थाः

(१) नगद सहयात कार्यक्रमको अनुगमनको मुख्य-मुख्य उद्देश्यहरु निम्न प्रकारका रहेका छन्ः

(क) कार्यक्रम-उपयुक्तताको सुनिश्चितता कायम गर्न,

(ख) योजना अनुरुप कार्यक्रम संचालन भए-नभएको सुनिस्चित गर्न, गराउन,

(ग) आशातीत प्रतिफल उपलब्ध भए-नभएको सुनिस्चित गर्न, गराउन,

(घ) आवस्यकता र अवस्थानुसार समय-समयमा नगद सहयात कार्यक्रमको परिमार्जन तथा समायोजन गर्न, गराउन,

(ङ) कालोबजारी, अप्राकृतिक बजारको अभाव सृजना गर्ने, अप्राकृतिक मूल्य वृद्धि गर्ने जस्ता कार्य नियन्त्रण गर्न, गराउन, र

(च) विपद् पश्चात बजारको बदलिदो अवस्थाबारे नियमित जानकारी लिन,

(२) अनुगमन प्रक्रिया र यस सम्बन्धि व्यवस्थाः

(क) यस कार्यविधि बमोजिम नगद सहयात कार्यको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई विपद्को समयमा या

विपद्पश्चात गरिने नगद सहयात सम्बन्धि सम्पूर्ण कामको अनुगमन गर्न सक्नेछ ।

(ख) उपदफा (२) (क) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यदिशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ग) उपदफा (२) (ख) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा नगद सहायता कार्यक्रम संचालनमा कुनै कमि-कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(घ) उपदफा (२) (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगद सहायता सम्बन्धि कुनै पनि कार्यमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(ङ) अनुगमनका क्रममा कुनै व्यक्ति अथवा संलग्न संस्थाले झुठा विवरण पेश गरी व्यक्ति, संथा तथा अन्य स्वार्थका उदेश्यले नगद सहायता कार्यक्रम संचालन गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(च) उपदफा (२) (क) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न संघ-संस्था, उद्योग-व्यवसायसंग आवद्ध संगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघ-संगठन र सहायता उपलब्ध गराउने व्यक्ति वा संघ-संस्था/निकायको प्रतिनिधि समेतलाई संलग्न गराईनेछ ।

(छ) अनुगमन टोलीले उद्देश्य अनुरुप भए-नभएको, चुनौती-अवसरहरु भए-नभएको तथा प्रगति एवं अवस्था बारे जानकारी संकलन गर्ने उद्देश्य अनुरुप समान बुझाई र एकरुपता ल्याउने उद्देश्य सहित प्रश्नावली तयार गरि अनुगमन गर्ने छ ।

(३) जुनसुकै पद्दति अपनाई प्रदान गरिएको नगद सहायताको उपयोगिता, यसले पार्न सक्ने सकारात्मक तथा नकारात्मक दुवैखाले प्रभाव/असरहरू एवं कार्यक्रमको सान्दर्भिकता आदिको विश्लेषण गर्न र भविष्यमा यस प्रकृतिका कार्यक्रमहरुको

सफल कार्यान्वयन गर्ने, गराउने हेतुले वितरण पश्चात यसै उपदफाका प्रश्नहरुको उत्तर संकलन गर्न "वितरण पश्चातको अनुगमन" लाई नियमित गरिने व्यवस्था यस समितिले गर्ने छ ।

(४) दफा १८ को उपदफा (३) अनुसार को PDM गर्न, यस कार्यविधिको अनुसूची ४ अनुसार सफ्टवेयर अथवा लिखित जांचसुची/प्रश्नावली तयार गरि व्यक्तिगत गोपनीयता ऐन, २०७५ को मर्मानुसार सूचना संकलन, बिश्लेष्ण तथा व्यवस्थापन गरिने छ ।

**१९. <u>नगद सहायता कार्यक्रमको मूल्यांकन सम्बन्धि व्यवस्थाः</u>**

(१) (क) नगद सहायता कार्यक्रम (हरु) को "उपयुक्तता", "कुशलता", तथा "प्रभावकारीता" दर्शाउने मुल्यांकन गर्नु आवस्यक रहन्छ ।

(ख) यस प्रकृतिका नगद सहायता कार्यले जीविकोपार्जन, स्थानीय अर्थतन्त्र तथा समाजमा के-कस्ता सकारात्मक तथा नकारात्मक "प्रभावहरु" पारे एवं प्रभावहरु कतिको "दिगो" रहन्छन् भन्ने जानकारीहरु पनि मूल्यांकनको माध्ययमबाट संकलन गरिने छ ।

(२) समितिले या समितिको निर्देशनमा दफा १९ को उपदफा (१) बमोजिम "मुल्यांकन प्रश्नावली" तयार गरि समन्वयात्मक तवरले नगद सहायता कार्यक्रमहरुको मुल्यांकन गर्ने छ ।

## <u>परिच्छेद —१०</u>

## <u>विविध</u>

**२०. <u>राहत सहयोगार्थ सहायता रकम विपद् व्यवस्थापन कोष मा जम्मा गर्ने सम्बन्धि व्यवस्थाः</u>**

(१) विपद्को समयमा नगद सहायता गर्न इच्छुक व्यक्ति, धार्मिक एवं परोपकारी संस्था, युवा समुह, आमा समुह, टोलसुधार समुह तथा अन्य कुनैले सहयोग गर्ने राहत (नगदमा) कोष यस नरैनापुर गाउँपालिका विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरि बिस्तृत जानकारी सहित यस समितिलाई राहत कार्यमा सामेल हुनकोलागि निबेदन सहित पेश हुनुपर्दछ ।

(२) दफा १३ को उपदफा (१) अनुरुप सहयोग गर्न चाहनेले यस पालिकाको राहत/विपद् व्यवस्थापन कोष शीर्षकमा ..............बैंक को ................खाता

नम्बर मा जम्मा गरि बुझाएको रसिद को एक प्रति यस समितिलाई बुझाउनु पर्ने छ ।

(३) दफा १३ अनुसार सहयोग गर्ने सबैलाई यस पालिकाले सम्मान गर्न सक्नेछ ।

(४) नेपालको बिद्धमान कानुन तथा नीति/नियममा रही राष्ट्रिय तथा अन्तरास्ट्रिय गै.स.स., संयुक्त राष्ट्र संघीय निकाय, दात्री-निकाय तथा मानविय सेवामा कार्यरत अन्य संघ-संस्थाले यस पालिकाको विपद व्यवस्थापन कोष मा दाखिला गर्न नचाहेको अवस्थामा उक्त कार्यक्रमहरु सिधै संचालन गर्न सक्ने छन् ।

(५) दफा १३ को उपदफा (४) अनुसार कार्यक्रम संचालन गर्ने अवस्थामा यस पालिकाको विपद व्यवस्थापनमा एकद्वार प्रणाली कायम गर्ने नीति लाई सुनिस्चित गर्न संचालन गरिएका वा संचालन गर्न थालिएका नगद सहायताका कार्यक्रमहरु यसै कार्यविधिमा रहेको दफा २६ को अनुसूची १ को “कार्यक्रमको बारेमा जानकारी/प्रस्तावना फारम” सहित समितिबाट कार्यक्रम संचालनको पूर्व-स्वीकृति लिनु पर्ने छ ।

२१. **परामर्श लिन सक्ने** : समितिले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा सस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

२२. **सहयोगका लागि आह्वान गर्ने** :

(१) विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा यस नरैनापुर गाउँपालिकाले छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारलाई समितिको विपद् व्यवस्थापन कोषमा आर्थिक सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावित व्यक्ति एवं परिवारलाई राहत, जीविकोपार्जन, आर्थिक-पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण जस्ता कार्यमा सहयोग गर्नको लागि समितिले राष्ट्रिय तथा अन्तरास्ट्रिय मानविय सेवामा संलग्न संघ-संथाहरु, स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, निजि क्षेत्र, प्रवुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ।

(३) विपद्का कारण प्रभावित समुदायहरुको विभिन्न छेत्रगत अध्ययन, बजारको अवस्थाबारे अध्ययन, नगद सहयता सम्बन्धि बिबिध अध्ययन लगायत अन्य आवस्यक अध्ययन प्रतिबेदन तयार गर्न समितिले यहाँ उपस्थित स्थानीय तथा रास्ट्रिय गै.स.स. तथा अन्य साझेदार संस्थालाई आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराउन अनुरोध गर्न सक्ने छ ।

(४) विपद प्रतिकार्य कार्य-अवधिभरिको लागी उपदफा (३) मा उल्लेख गरिएको कार्यमा सहयोग गर्न उपदफा (२) र (३) का कुनैपनि सहयोगी व्यक्ति, संस्था या निकाय लाई "स्थानीय नगद सहायता संयोजकको लागि अनुरोध गर्न सक्नेछ ।

## २३. <u>अभिलेख राख्ने</u> :

(१) समितिले नगद सहायता कार्यक्रम सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्ने छ ।

(२) स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०.. अनुसार र यस पालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनको मार्ग निर्देशन अनुरुप नगद सहायताको लेखा व्यवस्थापन गरिने छ ।

(३) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ र उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार उपलब्ध गराईनेछ ।

(४) व्यक्तिगत गोपनीयता ऐन, २०७५ को मर्मानुसार सूचना संकलन, बिश्लेष्ण तथा व्यवस्थापन गरिनुकासाथै अभिलेख राखिने छ ।

## २४. <u>उपलब्ध नगद सहायता प्रयोग गर्न नपाईने अवस्थाहरुः</u>

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि **<u>देहायको प्रयोजनका लागि</u>** राहत को लागी उपलब्ध भएको रकम अर्थात् विपद व्यवस्थापन कोषमा जम्मा भएको **<u>रकम खर्च गर्न पाईने छैनः</u>**

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिएबमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभासम्मेलन सञ्चालन गर्न, गराउन,

(च) "कामको लागि नगद/पैसा" मोडालिटी अनुसार आकस्मिक रूपमा पुनर्लाभ/पुनर्निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गर्न, गराउन,

(ङ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन ।

**२५. निर्देशन दिन सक्ने :** गाउँ सभाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

## २६. <u>अनुसूची हरु</u>

(१) अनुसूची १: कार्यक्रमको बारेमा जानकारी/प्रस्तावना फारमः

| क्र.स. | सहयोगी संघ, संस्था, निकायको नाम | कार्यक्रम/परियोजनाको नाम | कार्यक्रम संचालन गर्न लागियको स्थान (समुदाय समेत खुल्ने गरि) | कार्यक्रम को लागि विनियोजित रकम | समयावधि | | आधारभूत सूचना एवं अध्ययन प्रतिबेदन हरु (यस फारम संग संलग्न गरि समितिलाई बुझाउनु पर्ने छ) | | | | | मुख्य सम्पर्क व्यक्ति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सुरुवात हुने | अन्त्य हुने | अवस्था बिश्लेषण, बजारको द्रुत-अध्ययन प्रतिवेदन, मोडालिटी छनौट प्रतिबेदन | लक्षित वर्ग, लाभान्वित छनौट आधार एवं प्रक्रियाको प्रतिवेदन, | बिस्तृत जानकारी खुल्नेगरी तयार गरियको योजनाको औचित्य एवं लक्ष्यसहित विवरण, | स्थानिय साझेदारी संघ/संस्था/हरु (स्थानिय गै.स.स., बैंक तथा वित्तीय सेवा प्रदायक, आदि) | अन्य | नाम | सम्पर्क विवरण |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | |

(२) अनुसूची २: कार्यक्रम संचालन तथा सूचना अद्यावधि ६क/6W फारम

यस गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिको स्वीकृतिमा संचालित नगद सहायता कार्यको तथ्यांक नियमित अध्यावधि गरिनुपर्ने हुन्छ जसको लागि संलग्न “कार्यक्रम संचालन तथा सूचना अद्यावधि ६क/6W फारम” प्रयोग गरिनु पर्दछ ।

| क्र.सं | परियोजनाको नाम/सहयोग प्रकार (के कि) | परियोजनाको औचित्य/उद्देश्य ( ?) | परियोजना संचालन गर्ने स्थान (कह ) | लाभान्वित/लक्षित वर्ग/समुदाय/समूह (व ?) | परियोजना सुरु हुने र सम्पूर्ण हुने मितिहरु (क ) | परियोजना संचालन एवं नगद सहयोग गर्ने पद्धति (क ?) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

(३) अनुसूची ३: आधारभूत बजार-व्यवसाय सूचना फारम

यो बजारको द्रुत-लेखाजोखा परिमार्जित संछिप्त फारम हो। सम्बद्ध संघ-संस्था तथा सहयोगी निकायहरुले आवस्यकता अनुसार समन्वयात्मक तवरले बजारको द्रुत-लेखाजोखा गर्न सक्नेछन। यस गाउँपालिकाले नगद सहायता कार्यक्रम संचालन गर्न निम्न फारमको प्रयोग गरि बजार सम्बन्धि सूचनाको संकलन तथा बिश्लेषण गर्ने/गराउने छ ।

| अनुसूची ३, फारम नं. ३: आधारभूत बजार-व्यवसाय सूचना फारम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | बजारका संचालन तथा नगद सहायता संग सम्बन्धित मुख्य आधार प्रश्न**हरु** **(आधारभूत बजार-व्यवसाय सूचना)** | **क्षमता** स्कोर (टिक लगाउनुहोस) | | | **क्षतीको अवस्था** स्कोर (टिक लगाउनुहोस) | | | कैफियत |
| | | छैन | निर्वाहमुखी छ | पूर्ण रुपमा छ | पूर्ण क्षति | आंशिक क्षति | पूर्ण संचालन | |
| १. | बजारको न्यूनतम संचालन/परिचालनको अवस्था *(नोटः यस प्रयोजनको लागि बजार भन्नाले स्थानीय एवं सामान्य अवस्थामा पहुँचमा रहेको खुद्रा तथा थोक व्यवशायहरु, सेवा-सुबिधा प्रदायकहरु आदि जसमा पैसाको कारोबार हुने गर्दछ, लाई बुझिने छ)* | | | | | | | *यदि उत्तर "छैन" अथवा "पूर्ण क्षति" आएमा प्रतेक्ष्य नगद सहयोग अनुचित ठहरिन्छ* |
| २. | के खुद्रा व्यवशाय संचालित छन्? या, तत्काल संचालनका सम्भावना सहित छन्? | | | | | | | *यदि नगद प्रवाहको माध्ययमबाट तत्काल संचालनको पुस्टिभएमा सहायताकार्यक्रम संचालन गर्ने* |
| ३. | खुद्रा व्यवशायहरु यदि संचालनमा छन् या तुरुन्तै संचालनमा आउन सक्दछन् भने के ति व्यवशायहरुले स्थानीयवासीको मागलाई सम्बोधन गर्न सक्दछन्? | | | | | | | *यदि स्थानीय बजार संचालनमा रहेमा, या तत्काले संचालनमा आउन सक्ने अवस्था भएमा नगद सहायता कार्यक्रमको गुणक-प्रभावद्वारा माग-आपूर्ति सम्बन्ध बिस्तारै सुचारु हुने हुनाले नगद सहायता कार्यक्रम उपयुक्त हुनजान्छ* |
| ४. | के थोक व्यवसाय संचालनमा छन् या तत्काले संचालनमा आउनसक्ने सम्भावनामा छन्? के थोक व्यवशायले खुद्रा व्यवशायलाई माग अनुसार आपूर्ति गर्न सक्छ? | | | | | | | *थोक व्यवसाय स्थानीय खुद्रा व्यवसायी हरुको पहुँचमा रही स्थानीय खुद्रा व्यवसाय लाई माग अनुसार आपूर्ति गर्न सक्ने भएमा नगद सहायता कार्यगर्न प्रवल सम्भावना रहन्छ* |
| ५. | के प्रभावित समुदाय (हरु) नजिकको बजार सम्म किनमेलको लागि आवतजावत गर्न सक्दछन्? (दुरी, पुल-पुलेशा, बाटो-घाटो, सवारी साधन प्रयोग आदि) | | | | | | | *स्थानिय बासीलाई नजिक को बजार सम्म आवतजावत गर्दा झनै जोखिम बढ्ने, धेरै समय लाग्ने जस्ता समस्या देखिएमा नगद सहायता कार्यक्रमकै "पैसाका लागि काम" कार्य पनि एकै साथ संचालन मा* |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | *ल्याई अवशिष्ट खतराहरू न्यूनिकरण गर्न सकिन्छ* |
| ६. | बजार प्रतिस्प्रधात्मक अवस्थामा रहेको/नरहेको? | | | | | | | *बजार प्रतिस्प्रधात्मक हुँदा नगद सहायता कार्यक्रमका नकारात्मक प्रभाव हरु काम हुँदै जान्छन* |
| ७. | अत्यवास्यक आधारभूत बस्तु-सामग्री, सेवा उपलब्ध छ, छैन? | | | | | | | *के बजारले जनताको जनताको आधारभूत आवस्यकताहरु पूर्ति गर्न सक्दछ?* |
| ८. | स्थानिय ब्यापार को अवस्था | | | | | | | *बजार छ तर व्यपार न्युन छ भने नगद सहायता कार्यले बजारमा नगद प्रबाह गरि व्यपार वृद्धि गर्न टेवा पुर्याउने हुनजान्छ* |
| ९. | गोदामको अवस्था, भण्डारण क्षमता र सामग्री उपलब्धता | | | | | | | |
| १०. | अन्य (उल्लेख गर्ने): | | | | | | | |

(४) अनुसूची ४: वितरण पश्चातको अनुगमन

कार्यक्रमको सान्दर्भिकता आदिको विश्लेषण गर्न र भविस्यमा यस प्रकृतिका कार्यक्रमहरुको सफल कार्यान्वन गर्ने/गराउने हेतुले नगद/पैसा वितरण पश्चात अनुगमन गरिने व्यवस्था यस समितिले गर्ने छ । यस कार्यमा कम्प्युटर अप्लिकेसन, जस्तै KOBO आदि औजारहरू पनि प्रयोग गरि सूचना संकलन तथा विश्लेषण सहज र छरितो बनाउन सकिने छ जसको लागि “नगद सहायता संयोजक” या अन्य तोकिएको प्राबिधिक ले सहयोग गर्न सक्नुहुने छ ।

निम्न सुचनाहरु नछुट्ने गरि PDM फारम तयार गरि प्रयोग गरिने छ:

| **क्र.स.** | **मुख्य प्रश्न (हरु)** | **कैफियत** |
|---|---|---|
| १. | प्रश्नकर्ता/अन्तर्वार्ताकारको नाम, ठेगाना, सम्पर्क नम्बर | |
| २. | उत्तरदाता को बिस्तृत विवरण (पालिका, वडा, टोल, नाम, शारीरिक अवस्था, उमेर, लिङ्ग, परिवार संख्या, घरमुलीको नाम आदि) | *व्यक्तिगत सूचनाहरु व्यक्तिगत गोपनीयता ऐन,* |

| | | |
|---|---|---|
| ३. | नगद सहायता राशी कति र किन त्यति बराबरको पाएको, कति पटक मा पाएको, परिवारमा कसले पाएको आदि सूचना हरु | *२०७५ को मर्म अनुसार सहमति पश्चात मात्र संकलन गर्ने र सुरक्षाको सुनिश्चितता गर्ने* |
| ४. | सोझै नगद राशी पाएको, या बैंक मा जम्मा भयको, या अन्य माध्ययमबाट पाएको बारेमा जानकारी | |
| ५. | उपयोगिता बारे सामान्य जानकारी जस्तै, के उक्त सहयोह पैसाले अवस्था सहज भयो? के अत्यावस्यक सामाग्रीहरु उपलब्ध हुन सके?, कुन-कुन प्रयोजनको लागि उक्त सहयोग उपयोग गरियो? परिवारमा क-कसलेउपयोग गरे? के उक्त नगद सहायताले तत्कालका समस्याहरुको समाधान गर्न मद्दत पुग्यो? | *उपयोगिताको बारेमा सुचनाहरु अति गोप्य र व्यक्तिगत हुने हुनाले अत्यावस्यक सुचनाहरु मात्र संकलन गर्ने* |
| ६. | जोखिम को बारेमा केहि जानकारी संकलन गर्दा भविस्यमा त्यस्ता जोखिम सुरुवाती चरणमै पहिचान गरि न्युनिकरण गर्न मद्दत पुग्ने हुँदा सूचना हरु जस्तै चोरी, धम्कि, लूट आदिको समस्या रह्यो या रहेन? पैसा बोकेर आउँदा डरको महसुश भयो या भएन? | *नियमित अनुगमन कार्य मा पनि यि सुचनाहरु आउने हुनाले पुरै कार्यक्रमको अवधिभरी जोखिम बिश्लेषण तथा न्यूनिकरण अभ्यास गरिरहनु पर्छ* |
| ७. | नगद सहायता कार्यक्रमको सकारात्मक एवं नकारात्मक अनुभव संकलन | |
| ८. | गाउँपालिका अथवा सहयोगी संथा लाई सुझावहरु | |
| ९. | नगद उपलब्ध गरिने पद्धति (नगद सहायता ढांचा) को बारेमा सुझावहरु | |
| १०. | गुनासो सुनुवाई सम्बन्धि विचार, सुझाव, सल्लाह हरु<br>- जस्तै, पैसा पाउने बारेमा जानकारी कहाँ बाट पाउनु भयो,<br>- कहाँ जाने लिने, कति पाउने? कसरि पाउने?<br>- यदी गुनासो भएको भए कहाँ र कसलाई भन्नु भयो? आदि | *(कार्यक्रमका थप केहि उद्धेश्य भएमा सोहि अनुसार थप सूचना संकलन गर्ने)* |

## (५) अनुसूची ५: स्थानीय नगद सहायता संयोजक को सन्दर्भ-शर्तहरु

तपाई ..... ..................... लाई यस ..............................गाउँपालिकाको समितिले आजको मिति ......./..../.... मा यस समितिको मिति ......./..../.... को बैठकको निर्णय अनुसार यस पालिकाको “स्थानीय नगद सहायता संयोजक” को पदको लागि नियुक्त गरेको छ।तपाई आजको मितिले यस पालिकाको मानविय नगद सहायता प्राबिधिक एवं संयोजकको रुपमा जिम्मेवारी बहन गर्नु हुने छ र तपाइको उक्त जिम्मेवारी ........../..../.... का दिन सम्म रहने छ। तपाइको सम्पूर्ण तलब, भत्ता तथा अन्य सेवा-सुविधाहरु तपाई कार्यरत संस्थाले

उक्त संथाको नियमानुसार भारण-पोषण गर्ने छ। यस सन्दर्भ शर्तहरु मा हस्ताक्षर गर्नुहुँदा तपाइले नेपालको संबिधान, प्रचलित कानुन, नीति-नियम तथा रास्ट्रिय एवं अन्तरास्ट्रिय नीति-नियम एवं आचार संहिताहरु पालन गर्ने सुनिस्चितता गर्नु भएको प्रमाणित हुन्छ।

<u>कर्तव्य, भूमिका र जिम्मेवारीहरू:</u>

(क) आवस्यक सूचना तथा तथ्यांक विश्लेषण कार्य मा समितिलाई सघाउने ।

(ख) नगद सहायता सम्बन्धि सम्पूर्ण कार्यको लागि सम्पर्क व्यक्ति को कार्य गर्ने ।

(ग) यस कार्यविधिको आधारमा आवस्यक प्रश्नावली एवं सुचना संकलन तथा विश्लेषणका लागि आवस्यक कार्य गर्ने ।

(घ) स्थानीय, प्रादेशिक तथा संघीय संरचनाहरुसंग नियमित समन्यव गर्ने, र आवस्यक सुचनाहरु आदानप्रदान गरि यस समितिलाई समितिको कार्यमा सहायता गर्ने ।

(ङ) मानवीय सेवामा संलग्न यस गाउँपालिकामा कार्यरत विभिन्न संघ-संस्था, साझेदारी तथा सहयोगी निकायहरु, स्थानीय उ.बा.सं., नगद-प्रबाह सम्बन्धित सेवा प्रदायकहरु एवं अन्य प्रत्यक्ष-अप्रत्यक्ष संग्लन सरोकारवालाहरु संग नियमित समान्व तथा सहकार्य गर्ने ।

(च) लाभग्राही छनौट आधार निर्माण गर्ने तथा छनौट प्रक्रियाहरुमा सहजीकरण गर्ने ।

(छ) मूल मानवीय मापदण्डहरु, आचारसंहिता तथा अन्य सिधान्तहरु पालन गर्ने र गर्न सहजीकरण गर्ने ।

(ज) नगद तथा भौचर सहायतासम्बन्धि सम्पूर्ण कार्य को कार्यान्वयन सहजीकरण गर्ने ।

(झ) बजार अनुगमनकार्य गर्न मुख्य भूमिका निर्वाह गर्ने र यस समितिलाई सहयोग गर्ने ।

(ञ) आवधिक तथ्यपरक प्रतिवेदनहरु तथा सूचीहरु तयार गर्ने र यस कार्य गर्न समितिलाई सहयोग गर्ने ।

(ट) अनुगमन प्रक्रियामा समितिलाई सहयोग गर्ने ।

(ठ) समुदायको गुनासो-सुनुवाई सम्बन्धि सबै व्यवस्था गर्ने, र

(ड) समितिको निर्देशानुसार अन्य आवस्यक कार्य गर्ने ।

(६) अनुसूची ६: न्यूनतम मापदण्ड, न्यूनतम खर्च टोकरी निर्धारण तथा नगद सहायताको आकार

घरधुरी आर्थिक विश्लेषण, जीविकोपार्जनका बिद्दमान स्थानीय अभ्यासहरु, खाद्यान्न तथा आर्थिक श्रोतहरु, स्थानीय संस्कृति तथा विकासको अवस्था आदिले कुनैपनि समुदायको उत्थानशिलता प्रतिविम्बित गर्दछन । खासगरी घरधुरी आर्थिक विश्लेषण तथा जीविकोपार्जनका बिद्दमान स्थानीय अभ्यासहरु अध्ययन गरि प्रतिव्यक्ति जीविकोपार्जन खातिर आवश्यक पर्ने सामाग्रीहरु एवं अन्य अति-आवस्यक सेवा-सुविधाको निमित्त समग्रमा एकमुष्ठ कति पैसाको आवस्यकता पर्दछ भन्ने नै न्यूनतम खर्च टोकरी हो।

निम्न अनुसूचीमा उल्लेख गरिए बमोजिम बहुपक्षीय छलफल तथा विभिन्न तथ्यांक विश्लेषणको आधारमा नगद सहायताको आकार निर्धारण गरिने छ । आधार बनाई नगद सहायताको आकार निर्धारण गर्न बजारको बस्तुस्थिति, सामग्रीको अभाव तथा उपलब्धता, ढुवानी एवं भण्डारणमा लाग्ने अतिरिक्त दस्तुर/खर्च, अवस्थानुरूप आवस्यकता, बाच्नका लागि अत्यावस्यक आधारभूत वस्तुहरुको उपलब्धता, क्षेत्रगत आवस्यकताहरु जस्तै आवास, पिउने पानी आदि, जीविकोपार्जनको अवस्था तथा सम्भाव्यताहरु जस्ता बिषयहरुको अध्ययन गर्न जरुरि हुन्छ।

बस्तुगत राहत सामग्रीहरु उपलब्ध भएको अवस्थामा पनि यदि अत्यावस्यक ठानियका बस्तु, सामग्री तथा सेवाहरु उपलब्ध नभएको तर नगद सहायता मार्फत उपलब्ध हुनसक्ने अवस्था देखिएको अवस्थामा नगद सहयोग गर्नु उचित हुन्छ।

(७) अनुसूची ७: जोखिम विश्लेषण फारम

नगद सहायता कार्यक्रम संचालन गर्दा या संचालन पश्चात विभिन्न जोखिमहरु हुन सक्ने हुनाले सम्भावित जोखिम, तिनका सम्भावित असरहरु तथा न्यूनीकरणका उपायहरु पहिचान गर्नु आवस्यक हुने हुनाले यस समितिले यो (अनुसूची ७)को फारम प्रयोग गरि सूचन संकलन गरि विश्लेषण गर्ने छ ।

| क्र.सं. | पहिचान गरिएका जोखिमहरु | सम्भावित प्रभाव/असरहरु | सम्भावित न्यूनीकरणका उपायहरु | कैफियत (जोखिम बहन गर्ने या नगर्ने? न्यूनिकरण पश्चात जोखिमको स्तर?) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| .. | | | | |

(८) अनुसूची ८ः बैंक तथा वित्तीय सेवा-प्रदायकहरुको क्षमता स्व-मुल्यांकन फारम

बैंक तथा वित्तीय सेवा-प्रदायकहरुको बारेमा छोटकरीमा जानकारीः

(क) सेवा-प्रदायकहरुको नामः

(ख) सेवा-प्रदायकहरुको ठेगानाः

(ग) सेवा-प्रदायकहरुको सम्पर्क व्यक्ति तथा सम्पर्क ठेगानाः

| क्र.सं. | बिषयबस्तु | संक्षिप्त व्याख्या | स्कोर (न्यून हुँदा ० र उच्च हुँदा ५) | औचित्य |
|---|---|---|---|---|
| १. | प्रदान गर्ने सेवाहरु | | | |
| २. | सेवा-क्षेत्र विस्तार (कभरेज) | | | |
| ३. | नगद सहायता सम्बन्धि बिगतका अनुभव | | | |
| ४. | नगद प्रदान/हस्तान्तरण गर्न लाग्ने अनुमानित न्यूनतम तथा अधिकतम समय (दिनमा) | | | |
| ५. | सेवा शुल्क/दस्तुर | | | |

| | | | | |
|---|---|---|---|---|
| ६. | अपेच्छित सहयोग (को बाट कस्तो सहयोग, खुलाउनुहोस् ) | | | |
| ७. | लाभग्राहीहरुको लागि न्यूनतम आवस्यक प्रक्रिया अथवा पहिचान | KYC फारम या परिचय पत्र , नागरिकताको प्र.प., स्वीकृत लाभग्राही नामावली आदि | | |
| ८. | सुरक्षा सम्बन्धि नीति तथा प्रकृया | | | |
| ९. | जोखिम (स्तर, बहन गर्न सक्ने क्षमता आदि) | | | |
| .. | | | | |

**प्रमाणिकरण मितिः** २०८०/०६/०२

**आज्ञाले**

**मणिराम खराल**

**प्रमुख प्रशासकीय अधिकृत**